# लेकम गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

रमाइलोटाकुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
(सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा)

E-mail:- lekam.rmun@gmail.com
info@lekammun.gov.np
Web: lekammun.gov.np

प.सं.:- २०८१/०८२
च.नं. ९६१

मितिः२०८२/०६/७

ने.सं ११४५

श्री ६ वटा वडा कार्यालय

विषयःसामाजिक सुरक्षा नियमावली २०७६ संशोधन सम्बन्धमा ।

उपरोक्त विषय सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सामाजिक सुरक्षा शाखा मितिः२०८२/०६/२ पत्र संख्या २०८२/०८३ च.नं. ३२ को प्राप्त पत्रानुसार सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ को उपनियम १ मा उल्लेखित सामाजिक सुरक्षा परिचयपत्र प्रत्येक आर्थिक वर्षको भदौ मसान्त भित्र नवीकरणको लागी सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफैं उपस्थित भई सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ भन्ने व्यवस्था रहेकोमा सो व्यवस्थामा भदौ मसान्त भित्र भन्ने शब्दको सट्टा असोज मसान्त भित्र भन्ने शब्द राखी खण्ड ७५ अतिरिक्ताङ्क २६ नेपाल राजपत्र भाग ३ मितिः २०८२/०५/३१ मा प्रकाशित भएकोले सोही अनुसार गर्नु गराउनहुन अनुरोध गरिन्छ ।

०८२/०६/०७

(दीपक राज जोशी)
प्रमुख प्रशासकीय अधिकृत

दीपक राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः

१. श्री ६ वटा वडा कार्यालय ।

२. श्री सूचना प्रविधी शाखा गाउँपालिकाको वेवसाइटमा अपलोड गरीदिनहुन ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, भदौ ३१ गते, २०८२ साल (अतिरिक्ताङ्क २६

# भाग ३

## नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना

### सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२

सामाजिक सुरक्षा नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१. <u>सङ्क्षिप्त नाम र प्रारम्भ</u>: (१) यी नियमहरुको नाम "सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा संशोधन</u>: सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ को उपनियम (१) मा रहेका "भदौ मसान्तभित्र" भन्ने शव्दहरूको सट्टा "असोज मसान्तभित्र" भन्ने शव्दहरू राखिएका छन्।

**आज्ञाले,**
**गोकर्णमणि दुवाडी**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.द.ब.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।